# आन्दोलनद्वारा पार्टी निर्माण

मानिसले त्यहि काम गर्छ जसमा उसले आफ्नो हित देख्छ । त्यसकै वकालत गर्छ । त्यही वकालत विधारधारा हो । सिद्धान्तले त्यस्तो वकालतलाई व्याख्या गर्छ, मार्गचित्र देखाउँछ । कुन कुरामा मासिनले आफ्नो हित देख्छ र त्यस हितको व्याख्या गर्छ त्यहि नै उसको विचारधारा र सिद्धान्त हो । सिद्धान्तमा मानिस जति स्पष्ट हुन्छ त्यत्तिकै प्रतिबद्ध र सक्रिय हुन्छ । जसले समाजवादमा हित देख्छन् उनीहरु त्यसकै वकालत गर्छन्, त्यसकै व्याख्या गर्छन् । र, समाजवादमा आफ्नो हित जति स्पष्ट देख्छन् उनिहरु त्यत्तिकै सक्रियतापूर्वक त्यसको वकालत गर्छन्, व्याख्या गर्छन् । समाजवादमा हित देखाउनु, त्यसको मार्गचित्र देखाउनु समाजवादी पार्टीको काम हो । पार्टीले मानिसको हित र समाजवादलाई जति स्पष्टसँग जोड्न सक्छ त्यत्ति नै धेरै मानिसहरु, त्यत्ति नै सक्रियताका साथ पार्टीको वरिपरी गोलबन्द हुन्छन् । समाजवादी पार्टी निर्माणको सबैभन्दा महत्वपूर्ण कुरा यही हो ।
मानिसले जुन कामलाई उद्देश्य बनाउँछ त्यो उसको कार्यभार हुन्छ । सिद्धान्तले कार्यभारहरुलाई तात्कालिक र दीर्घकालीन बनाएर ब्याख्या गर्छ । त्यसले तात्कालिक कार्यभारहरु पूरा गर्दै जाँदा कसरी दीर्घकालिक कार्यभारहरु सम्पन्न हुँदै जान्छन् भनेर तार्किकरुपमा स्पष्ट पार्छ । हामीले हरेक तात्कालिक कार्यभार पूरा गर्दै जाँदा हाम्रो परिस्थिति पनि फेरिँदै जान्छ अर्थात् परिस्थितिलाई फेर्ने हाम्रो क्षमता बढ्दै जान्छ । हाम्रो क्षमताले वस्तुगत यथार्थलाई बदल्छौँ र फेरि परिवर्तित वस्तुगत अवस्थालाई बदल्ने कार्यभार बनाउँछौँ । सङ्क्षेपमा, समाजको वस्तुगत अवस्थालाई नबदलेको वा बदल्न नसक्ने पार्टी वास्तवमा पार्टी नै हुँदैन । यहि हो क्रान्तिकारी आन्दोलनको विकासको द्वन्द्ववाद । यसरी सिङ्गो क्रान्तिकारी आन्दोलनको कार्यभार बन्छ, त्यो नै क्रान्तिकारी सिद्धान्त हो । अथवा, हामीले के गरेपछि के परिणाम हुन्छ, त्यसपछि के गर्छौं र त्यसपछि फेरि के परिणाम हुन्छ भनेर एवम् तरिकाले समाजवाद कसरी आउँछ भनेर हाम्रो सिद्धान्तले बताउनु पर्छ । त्यसरी स्पष्ट पार्न सकिएन भने हामी या त 'हामी क्रान्तिको पक्षमा लाग्दै जाने हो, क्रान्ति आफैं हुँदै जान्छ' भन्ने स्वतस्फूर्तवादको शिकार बन्छौं, या 'हामीले हिम्मत गर्नु पर्छ, क्रान्ति भैहाल्छ' भन्ने मनोगतवादमा फस्छौं । क्रान्तिको द्वन्दवादी सिद्धान्तमा हामी स्पष्ट भएका छैनौं भने त्यसमाथि छलफल/अध्ययन गर्नु पर्छ । हामीले कमजोरी स्वीकार गर्न लाज मानेर वा जिद्दी गरेर समाजवाद आउँदैन । किनकि, मार्क्सले भनेझैं, क्रान्ति आफ्नै सीमा, कमजोरी र नालायकीहरुमाथि विजय हासील गर्दै अगाडि बढ्छ ।

महाधिवेशनपछि पार्टी जसरी अगाडि बढ्नु पर्थ्यो त्यो हुन सकेन । त्यसका लागि विभिन्न कारणहरु जिम्मेवार छन्, तर जेसुकै भए पनि त्यो कमजोरी नै हो । अहिले पार्टीमा अनेकौं प्रकारका समस्या छन् । निराशा, हताशा, अन्योल, पलायन, निष्क्रियताजस्ता प्रवृत्तिहरु देखिएका छन् । जसले गर्दा कतिपयमा नेकपा एमालेसँग सामिप्यता खोज्ने, अरु कतिपयमा नेकपा माओवादीसँग नजिकिन खोज्ने र आमरुपमा अन्योलग्रस्त प्रवृत्तिहरु देखिएका छन् । पार्टी निर्माणको एउटा स्पष्ट राजनीतिक कार्ययोजनाले मात्रै यसलाई समाधान गर्न सक्छ । मुलुकको राजनीतिका मुख्य समस्याहरु के हुन्, सामान्य राजनीतिक परिस्थिति कस्तो छ, चुनौति के छन्, सम्भावना के छन् र तिनको समाधान गर्ने हाम्रो योजना के छ, सङ्क्षेपमा हामीले पार्टी कसरी निर्माण गर्छौं जस्ता विषयमा खुलाखुलस्त छलफलद्वारा पार्टी पङ्तिलाई एकताबद्ध नबनाउने हो भने पार्टीले गति लिन सक्दैन । यो तितो वास्तविकतालाई बिना हिच्किचाहट स्वीकार गरौं र अगाडि बढौं ।

## नेपाली समाजको रणनीतिक सङ्कट

राज्य प्रशासन विस्तारमा खर्च बढ्दै गएको, जमीनको नापीका दौरानमा भएको भ्रष्टाचार र पहाडका ससानो सङ्कलनबाट मध्यम वर्ग उदाएको, राजा स्वयंले शिक्षा, स्वास्थ्यलगायत गरिबी विरुद्ध समृद्धिको भोक जगाएको तर पूरा गर्न नसकेको, भूमिसुधारको असफलताले पुँजी निर्माणको सम्भाव्य अवसर गुमेको, त्यसले दलाल पुँजीवादलाई विकास गर्ने अवसर दिएको, अन्तरराष्ट्रिय कारणहरुले अनुदान बन्द भएको सार्वजनिक ऋण बढ्दै गएको, राजाले भारत र पश्चिमका चासोहरु पूरा नगरेको, त्यस परिस्थितिमा राजनीतिक पार्टीहरुका नाराले धेरैलाई आकर्षित गर्दै गएको, सङ्क्षेपमा, उत्पादनले थेग्न नसकेपछि उत्पन्न सङ्कट थेग्न नसकेपछि पञ्चायत गयो र प्रजातन्त्र आयो । अर्थात्, दलाल पुँजीवादको नेताका रुपमा पञ्चायती व्यवस्थाले सङ्कटहरुको समाधान गर्न सकेन ।

नेपाली काङ्ग्रेससँग उदारवादबाहेक अर्को बाटो थिएन । त्यसले पञ्चायतबाट हस्तान्तरित सङ्कट समाधान गर्न सक्दैनथ्यो । एकातिर त्यो सङ्कट र त्यसले बढाएका सामाजिक-आर्थिक मुद्दाहरु, अर्कोतर्फ संविधानले दिएका राजनीतिक अधिकारहरु अर्थात् आधार र उपरिसंरचनाको त्यो अन्तरविरोध लामो समय सँगसँगै जानै सक्दैनथे । काङ्ग्रेसको अर्थनीतिले राजस्व बढायो र केही सडक, स्कुल, अस्पताल, खानेपानी, पुल आदि बढायो, र त्यसले नयाँ धनाढ्य वर्ग पनि जन्मायो तर कृषि र उद्योग कुनै ठोस परिवर्तन भएन । यसैबीच नेकपा एमालेका नीतिहरुले ग्रामीण पूर्वाधार र भत्ताआदिका खर्च बढाए । त्यसले पार्टीको लोकप्रियता त बढायो तर उत्पादनमा ठोस हस्तक्षेप गर्न सकेन । प्रजातन्त्रले हैसियत सीमित गरिदिएको हुँदा राजाले शक्ति बढाउन चाहान्थ्यो, नेपाली काङ्ग्रेस र नेकपा एमाले सत्ताको लागि सङ्घर्षरत थिए, भारत आफ्नो हितको खोजीमा थियो । यस्तो अवस्थामा ती सबैको निशाना संसद बन्यो । सांसद र संसद बदनाम हुँदै गएको अवस्थामा माओवादीले शुरुमा नेपाली काङ्ग्रेस विरुद्ध, त्यसपछि एमाले विरुद्ध, र अन्तिममा राजाका विरुद्ध जनयुद्ध गऱ्यो । पछि राजाले नेपाली काङ्ग्रेस र नेकपा एमालेलाई माओवादीसँग एकै ठाउँमा उभ्याइदियो । र, राजतन्त्र गयो ।

राजतन्त्रको अन्त्य नेपाली राजनीतिको असाधारण पानी ढलो थियो । त्यसले नेपाली विशेषतामा जनवादी क्रान्ति सम्पन्न गरेको थियो । नेपाली काङ्ग्रेसले त्यसलाई लोकतन्त्रको विस्तारका रुपमा बुझ्यो, उसका लागि त्यो स्वाभाविक थियो । तर नेकपा एमाले र नेकपा माओवादीले त्यस परिघटनालाई ऐतिहासिक भौतिकवादको दृष्टिले हेर्न र बुझ्न सकेनन् । वस्तुतः त्यस असाधारण सन्धी कालमा ती दुवै पार्टीहरु सैद्धान्तिक अन्योलमा फसे । जनवादी क्रान्तिले सामन्तवादको संस्थागत वैधानिक अवशेषलाई उखेलेर समाजको पुँजीवादी रुपान्तरणलाई राजनीतिक तहमा पनि सम्पन्न गरेको थियो र नयाँ समाजवादी सामाजिक आर्थिक कार्यभारको द्वार खोलेको थियो । नेकपा माओवादीले त्यस ऐतिहासिक असाधारण घटनालाई जनयुद्धका कार्यनीतिक चलखेलको अवसरका रुपमा बुझ्यो । नेपाली काङ्ग्रेस, एमालेलगायत बुर्जुवा पार्टीहरुलाईसमेत रातन्त्रका विरुद्ध प्रयोग गरेर राजतन्त्र उखेलियो र गणतन्त्र आयो, अब संसदवादी सबै बुर्जुवा पार्टीहरुलाई समेत किनारा लगाउँदै जनवादी क्रान्तिका लागि अघि बढ्नु पर्छ भनेर बुझ्यो ।

उता नेकपा एमालेले गणतन्त्रको स्थापनालाई जनताको बहुदलीय जनवादको उपलब्धीका रुपमा प्रचार गरेर गणतन्त्र नेकपा माओवादीको मात्रै होइन आफ्नो पनि राजनीतिक उपलब्धी थियो भनेर स्थापित गर्न व्यस्त भयो । अर्थात् नेकपा एमालेले पनि यथास्थितिभन्दा पर देख्न सकेन । जनवादी क्रान्ति सम्पन्न भैसकेको नेपालमा जनताको बहुदलीय जनवादलाई नै सिद्धान्त र कार्यक्रमको रुपमा व्याख्या गऱ्यो । विशेष गरी नेकपा माओवादीको अन्योल कम्युनिष्ट आन्दोलनका लागि ठूलो क्षति सावित भयो । नेकपा माओवादीले शान्तिप्रक्रियामा आउनासाथ ‘हामीले नेकपा माओवादीको नेतृत्वमा जनवादी क्रान्ति सम्पन्न गऱ्यौँ, समाजवादी क्रान्तिको ढोका खोल्यौँ, अब दलाल पुँजीवादको ठाउँमा राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको आधार तयार गरौँ’ भन्ने नारा दिएर कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, भ्रष्टाचार विरुद्ध सुशासनजस्ता क्षेत्रमा मुलुकले भोगिरहेका समस्याहरुको समाधान गर्ने कार्यक्रम दिएर अगाडि आएको भए नेपालको कम्युनिष्ट आन्दोलन नयाँ उचाईका साथ अगाडि बढ्थ्यो । त्यसबेला नेकपा माओवादीसँग लडाकु शिविरमा रहेका करिब ३५ हजार र बाहिर रहेका समेत गर्दा करिब एक लाख पूर्णकालिन कार्यकर्ता र दुख गर्न सक्ने समाजको तल्लो वर्गका लाखौँ जनताको शक्ति थियो । सैद्धान्तिक दृष्टिहीनताका कारणले माओवादीले त्यो काम गर्न सकेन र विभाजनका अनेकानेक घटनामा फस्दै गयो ।

नेकपा एमालेको नवौँ महाधिवेशन समाजवादी कार्यदिशा निर्धारणका हिसाबले ऐतिहासिक उपलब्धी थियो । त्यसले आठौँ महाधिवेशनका सैद्धान्तिक गल्तीहरु सच्याएको थियो । तर मुख्य नेतृत्वमा महाधिवेशनको विचार र सिद्धान्तका विरुद्ध उभिएका कमरेड के पी ओलीलाई चुन्यो । हस्तान्तरण हुँदै आएको अर्थराजनीतिक सङ्कटमा नेकपा एमालेको नेतृत्वले हस्तक्षेप गर्न नसक्ने कुरा त्यहीँबाटै शुरु भयो । अन्योलग्रस्त राजनीतिमा भूकम्पले उत्पन्न गरेको राष्ट्रिय छटपटिले जे पनि गर्न सक्थ्यो, त्यसलाई राजनीतिक पार्टीहरुले बुद्धिमानीपूर्व संविधान निर्माणतर्फ डोऱ्याए । भारतले लगाएको नाकाबन्दीले मुलुकमा देशभक्तिको भावनाले मुलुकलाई एक ठाउँमा बाँधी राख्यो । २०७४ को आमनिर्वाचनमा नेकपा एमाले र नेकपा माओवादी एकठाउँमा आउनु, संसदमा झण्डै दुई तिहाई सिट आउनु, पार्टी एकता हुनु र त्यस पार्टीले समावादी कार्यदिशा समात्नुले कम्युनिष्ट आन्दोलनमा असाधारण सम्भावना अगाडि ल्याएका थिए । तर कम्युनिष्ट आन्दोलनको भविष्यभन्दा ठूलो पार्टी बनाउने र सत्तामा राज गर्ने स्वार्थमा आधारित भएर गरिएको पार्टी एकताले परिणाम दिएन । सरकार र पार्टीले दलाल पुँजीवादलाई नियन्त्रण र निरुत्साहित गर्दै राष्ट्रिय पुँजीको निर्माणलाई मुख्य ध्येय बनाएर अगाडि बढ्न सक्नु पर्थ्यो । जुन कारणले पञ्चायत गयो, जुन कारणले राजतन्त्र गयो ती कारणहरु झन् झन् विस्तार भएर आएका थिए । यता पार्टी नेतृत्वमा गुटगत स्वार्थहरु टक्कराउँदै थिए । पार्टी अध्यक्ष तथा प्रधानमन्त्रीले

पार्टी र राजनीतिका सङ्कटलाई पपुलिष्ट नाराहरुले ढाक्ने र मुलुकको ध्यान सस्तो प्रचारबाजीतिर लैजान थाले । संसदको विघटन र पार्टीको विभाजन भयो । के पी ओलीले संविधानमाथि नै पटक पटक आक्रमण गरेपछि त्यसको प्रतिरोध आवश्यक हुन गयो । संसदको पुनर्स्थापनाले मुलुकको तात्कालिक संवैधानिक सङ्कट त समाधान गर्‍यो तर अस्थीर राजनीतिले आर्थिक सङ्कट बढाउने र फेरि आर्थिक सङ्कटले राजनीतिक सङ्कटलाई अझ बढाउने दुश्चक्र भने यथावत् नै रह्यो । २०७९ को निर्वाचनमा नेपाली काङ्ग्रेस र नेकपा एमाले नै मुख्य पार्टीका रुपमा आएपछि यो संसदले मुलुकको समस्या समाधान गर्न सक्दैनथ्यो बरु सत्ताको लुछाचुँडी बढाउँथ्यो । आज त्यही भैरहेको छ ।

## तात्कालिक राजनीतिक अवस्था

संसदको विघटन र नेकपा विभाजन कम्युनिष्ट आन्दोलन र मुलुकको राजनीतिकै लागि धेरै व्यापक, गहिरो र दूरगामी दुस्प्रभाव पार्ने परिघटना हो । हाम्रोजस्ता मुलुकहरुमा दलाल पुँजीवादले अर्थतन्त्र र राजनीतिलाई अपहरण गर्छ र राजनीति र अर्थतन्त्रलाई सङ्कटमा पारिरहन्छ । साम्राज्यवादले ती सङ्कटहरुलाई प्रयोग गरेर राजनीति र अर्थतन्त्रमा आफ्नो नियन्त्रण कायम गर्छ । राष्ट्रिय पुँजीको विकास नै त्यस्तो उपाय हो जसले राजनीतिलाई राष्ट्रिय र स्वतन्त्र बनाउँछ । राष्ट्रिय पुँजीको निर्माण कुनै न कुनै हिसाबले साम्राज्यवादसँग लडेर वा जोगिएरमात्रै हुन सक्छ । त्यसका लागि समाजवादी कार्यक्रम, दूरदर्शी तथा दृढ इच्छाशक्ति भएको राजनीतिक पार्टी र बलियो जनसमर्थन प्राथमिक शर्त हुन् । बलियो जनसमर्थन हुँदाहुँदै त्यसप्रति इमान्दार नेतृत्वको अभावमा मुलुकले एउटा ठूलो सम्भावना गुमाएको छ । राजा महेन्द्रले भूमिसुधार गर्न नसकेपछि राष्ट्रिय पुँजीको विकासका लागि उनले एउटा अवसर गुमाएका थिए । २०४६ पछि नेपाली काङ्ग्रेसले अर्थतन्त्रको जिम्मा बजारलाई छोडेर अर्को ठूलो अवसर गुमाएको थियो । के पी ओलीका कारणले गर्दा मुलुकले अर्को ऐतिहासिक अवसर गुमाएको छ ।

उत्पादन नगर्ने मुलुक सधैँ राजनीतिक सङ्कटमा हुन्छ । हामी आज त्यही सङ्कटमा छौँ । राजनीतिक नेतृत्वले गरेका बाचा पूरा गर्न नसक्दा जनताले धोका पाएको ठानेका छन् । गणतन्त्रका शक्तिहरुले गणतन्त्रको नेतृत्व गर्न सक्छन् कि सक्दैनन् भन्ने प्रश्न उठेको छ ।  जसले गर्दा जनतामा निराशा र आक्रोश बढ्दै छ । कम्युनिष्ट आन्दोलनमा त ठूलो मनोवैज्ञानिक आघात लागेको छ । यहि मौकामा सामाजिक लफङ्गाहरुले सडकमा गणतन्त्रलाई दुत्कारिरहेका छन् । विचार/सिद्धान्तको खिल्ली उडाईंदै छ । के पी ओलीले पपुलिष्ट राजनीतिलाई संस्थागत गरेका थिए, त्यसले अरु पार्टीका नेताहरुलाई पनि पपुलिष्ट बनाउँदै थियो । तिनीहरुको पपुलिज्ममा विचार/सिद्धान्तको जलप थियो । आजको अर्थराजनीतिक सङ्कटले विचार/सिद्धान्त केहि पनि नमिसिएको विशुद्ध ‘नयाँ’ पपुलिष्टहरु जन्माएको छ । जुन सुकै मुलुकको पपुलिज्म पुरानो राजनीति अर्थात् पुराना पार्टीका नालायकीको घोडा चढेर आउँछ । अहिले त्यहि भैरहेको छ । प्रधानमन्त्रीका विरुद्ध नाराबाजीका घटना त्यसकै निरन्तरता हुन् । गएका केहि दशक राजनीतिको मूलधारमा रहेका नेपाली काङ्ग्रेस, नेकपा एमालेलगायत मूलधारका भनिने पार्टीहरुको नेतृत्व पङ्तिले दलाल पुँजीवादसँग सम्झौता गरेको थियो र उनीहरुको वर्गउत्थान भएको थियो । आम नागरिकले गणतन्त्रका नायकका रुपमा हेरेका नेताहरुले त्यो भूमिका पूरा नगरेको छलाछुल्ल भएपछि अहिले पुराना पार्टी र पुराना नेता, राज्य (खासगरी सरकार), राजनीति, विचार/सिद्धान्तको विरोध सामाजिक सम्बादको मुख्य विषय बन्दै गएको छ ।

पपुलिज्म अहिलेको विश्वव्यापी प्रवृत्ति बनेको छ । नवउदारवादले जुन परिणामको कबोल गरेको थियो त्यो असफल भैकक्यो भन्ने कुरा विश्व मूलधारका अर्थशास्त्रीहरुले समेत प्रष्टरुपमा भन्न थालेका छन् । जुनसुकै ठूला प्रयोगले ठूलै प्रभाव पार्छन् । बजारलाई बन्धनमुक्त बनाएर मानिसको जीवनलाई अभाव मुक्त बनाउने नवउदारवादका घोषणाको असफलताले विश्वव्यापिरुपमा राष्ट्रहरुका बीच र राष्ट्रहरुभित्रै तनाबहरु बढ्दै छन् । साम्राज्यवादले ती साना वा कमजोर मुलुकका सामाजिक आर्थिक तनाबहरुलाई आफ्नो पक्षमा पार्न गर्न पपुलिज्मको प्रयोग गरेको थियो । साथै, नव उदारवादमा सबैभन्दा सप्रेको सूचना प्रविधि (खासगरी सामाजिक सञ्जाल) लाई औजार बनाएको थियो । तर आज त्यही पपुलिज्मले स्वयं अमेरिका र युरोपमा अतिदक्षिणपन्थी उभारलाई सघाउँदै छ । कस्तो संयोग छ भने नेपालमा पपुलिज्मलाई सूचना प्रविधि/सामाजिक सञ्जाललाई आफ्नो पक्षमा सङ्गठित गर्ने काम के पी ओलीले नै गरेका थिए ।

अहिले नेकपा एमाले र नेपाली काङ्ग्रेसको सरकार बनेको छ । ती पार्टी र खासगरी नेतृत्वका कारणले गर्दा यसले सङ्कट दुश्चक्रलाई समाधान गर्न सक्दैन । संसदीय मूल्यका हिसाबले यिनीहरु दुई ठूला पार्टीहरु मिलेर बनेका छन्, विचारका हिसाबले समाजवादी र पुँजीवादी हुन्, राजनीतिक हिसाबले अदालतको परामादेशद्वारा सरकारमा पुऱ्याईको र सरकारबाट निकालिएको पार्टीहरु हुन्, प्रवृत्तिका हिसाबले सत्ताका लागि जेसुकै गर्न तयार नेताहरु हुन् । जसले गर्दा यिनीहरुबाट मुलुकका समस्याको समाधान हुने कुनै सम्भावना छैन । यिनका भूराजनीतिक लगावका कारण पनि त्यो गर्न सक्दैनन् । यिनीहरुले अगाडि सारेको संविधान संशोधनको मुद्दाले राजनीतिक अन्तरविरोधलाई अझ बढाउने छ । अर्थात्, अब यिनीहरुले जेसुकै गरे पनि समस्या बढ्दै जानेछ । सत्ताको विरोध अझ बढ्छ । सत्ता गठबन्धनले विरोधको जवाफ दमन र षडयन्त्रबाट दिने प्रयत्न गर्छ । त्यसले पपुलिष्ट अराजकतालाई अझ बढाउने छ । अराजकता र दमन बढ्दै जानेछ र मुलुक अझै डरलाग्दो अराजकताको खाडलतर्फ जान सक्छ । सङ्क्षेपमा, सत्ता फासिष्ट बन्दै जाने र सडक अराजक बन्दै जान सक्छ । दोश्रो, यिनीहरुका स्वार्थ र भूराजनीतिक कारणले यो गठबन्धन तोडियो भने यसको ठाउँमा अनेकौं पार्टीका स्वार्थहरुको नयाँ गठबन्धन सरकार बन्न सक्छ । त्यस्तो गठबन्धन राजनीतिकरुपमा वर्तमान गठबन्धनभन्दा निशन्देशरुपले कमजोर हुनेछ । किनकि वर्तमान संसदभित्र बन्न सक्ने गठबन्धनमध्ये अहिलेको गठबन्धन सबैभन्दा बलियो गठबन्धन हो । यसका ठाउँमा बन्ने सक्ने कमजोर गठबन्धनले पनि मुलुकलाई अझ डरलाग्दो अस्थीरता र अराजनकतातर्फ लैजान नै मद्दत गर्ने छ । तेस्रो, पुनरुत्थानवादी र पपुलिष्ट शक्तिहरुलाई एक ठाउँमा ल्याउने प्रयत्न हुन सक्छ तर तिनीहरुले ठूलै राजनीतिक पहलकदमीको नेतृत्व गर्न भने सजिलो छैन । त्यसैले सरकारको अकर्मण्यता र त्यसको विरोध सँगसँगै २०८४ सम्म यो गठबन्धन टिक्न पनि सक्छ । तर त्यसले अर्थराजनीतिक तनाबलाई बढाइरहने छ र २०८४ सालको निर्वाचनपछि मुलुकको राजनीतिक परिस्थिति अझ असामान्यरुपले विग्रिँदै जान सक्छ ।

## हाम्रो पार्टी : यसका चुनौति र हाम्रो कार्यभार

हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) स्थापना गर्दा हाम्रो तात्कालिक उद्देश्य संसदको र संविधानको रक्षा गर्नु थियो भने दीर्घकालीन उद्देश्य एउटा सहि क्रान्तिकारी पार्टीको निर्माण गर्दै कम्युनिष्ट आन्दोलनलाई नै पुनर्गठन र रुपान्तरण गर्नु थियो । हामी तात्कालिक उद्देश्यमा सफल भयौं । संघीय, समावेशी, समाजवादउन्मुख, लोकतान्त्रिक गणतन्त्रलगायत संविधानको मूलभूत अन्तरवस्तुले गर्दा संविधानको रक्षा गर्नु, त्यसका लागि तात्कालिक अवस्थामा संसदको रक्षा गर्नु महत्वपूर्ण कार्यभार थियो । संविधानको अभ्यास नै राम्रोसँग नभैसकेको अवस्थामा संविधानमाथि भएको आक्रमणले नेपाली जनआन्दोलनको ऐतिहासिक उपलब्धी खतरामा परेको थियो । त्यस अवस्थामा संसद र संविधानको रक्षा गर्ने पार्टीको उद्देश्य उल्लेखनीयरुपले महत्वपूर्ण थियो । तात्कालिकरुपमा त्यो महत्वपूर्ण कार्यभारले पार्टीले नेपाली काङ्ग्रेससँग सत्ता गठबन्धनको दायित्व पनि लिएर आयो । अर्थात्, संसद जोगाउने प्रक्रियामा नेपाली काङ्ग्रेससँग गठबन्धन आवश्यक भयो । त्यस बाहेक, पार्टी स्थापना लगत्तै एकपछि अर्को निर्वाचनमा लाग्नु परेका कारणले गर्दा कम्युनिष्ट आन्दोलनको पुनर्गठन तथा रुपान्तरणको आधारभूत योजनामा आवश्यक ध्यान पुग्न सकेन । त्यसै अवस्थामा पनि पार्टीले आफ्नो दस्तावेजमा समाजवादी कार्यदिशालाई किटानीका साथ अगाडि सार्नु औधी महत्वको दूरगामी विषय थियो ।

संसद र संविधानमाथि भएको आक्रमणका विरुद्ध देशव्यापिरुपमा जनमत प्रकट भएको र पार्टीले त्यस जनमतको प्रतिनिधित्व गर्दै अगाडि देखा परेको हुँदा पार्टीमा समाहित हुनेहरुको महत्वपूर्ण सङ्ख्याका लागि संविधानको रक्षा नै मुख्य राजनीतिक एजेण्डा हुन गयो । त्यो पङ्ति पार्टी निर्माणको दीर्घकालीन कार्यभारबाट प्रशिक्षित थिएन । त्यस्तै, माथि भनिएझैं, संविधान रक्षाका क्रममा बनेको सत्ता गठबन्धनले पनि समाजको एउटा हिस्सालाई आकर्षित गरेको थियो । तेश्रो, नेकपा एमालेमा लामो समयदेखि हुर्किँदै गएको गुटबन्दी, तोडिएको विधि–पद्धति र प्रतिस्पर्धाको तिब्र प्रवाहले किनारामा परेका कार्यकर्ताको ठूलो पङ्ति पनि हाम्रो पार्टीमा समाहित भयो । चौथो, विभिन्न कम्युनिष्ट घटकहरुमा रहेका र स्वतन्त्र रहेर क्रियाशीलहरुलाई पनि हाम्रो विद्रोहले प्रभावित पाऱ्यो । त्यस प्रक्रियामा एउटा महत्वपूर्ण सङ्ख्या पार्टीमा आयो । यस्तो पार्टी पङ्तिलाई वैचारिक र साङ्गठानिकरुपमा व्यवस्थित गर्नु निकै कठिन काम थियो । त्यसका लागि जति समय आवश्यक पर्थ्यो त्यसको अभावमा पार्टी शुरुदेखि नै कठिनाइहरुको सामना गर्दै अगाडि बढ्यो । संसदको पुनर्स्थापना गरेर संविधान जोगाउन हाम्रो जुन ऐतिहासिक भूमिका रह्यो त्यसको श्रेयलाई पार्टी निर्माण र

संसदीय निर्वाचनमा स्थापित गर्न सकिएन । गठबन्धनका दलहरुले पनि सकेसम्म हामीलाई उपयोग गर्ने काम गरे । संसद पुनर्स्थापना भएको विषय पुरानो हुँदै गएको, एमसीसीका विषयमा पार्टी नीतिलाई स्थापित गर्न नसकिएको, स्थानीय र संघीय तथा प्रादेशिक निर्वाचनमा अपेक्षित परिणाम नआएको, सरकारमा पार्टी संलग्न भए पनि राजनीतिक नियुक्तिमा पठाउन सकिने सङ्ख्या सीमित भएको अवस्थामा आन्दोलनको पुनर्गठन र रुपान्तरणको दीर्घकालीन कठिनाइलाई झेल्न नसकेका कतिपय पार्टी छोडेर बाहिरिए ।

उपरोक्त प्रतिकुलताको सामना गर्दै हामीले ऐतिहासिक दशौँ राष्ट्रिय महाधिवेशन भव्यताका साथ सम्पन्न गरेर विचार र सङ्गठनलाई संस्थागत गर्ने महत्वपूर्ण काम गरेका छौँ । नेपालको समग्र कम्युनिष्ट आन्दोलनको योगदानलाई सूत्रबद्ध गर्दै र नेकपा एमालेको नवौं महाधिवेशनबाट टुटेको सैद्धान्तिक कडीलाई जोड्दै समाजवादी कार्यक्रम पारित गरेका छौँ । इतिहास र सिद्धान्तको विकासका हिसाबले नेपालको कम्युनिष्ट तथा समाजवादी आन्दोलन तथा समाजवादी क्रान्तिको सिङ्गो चरणलाई त्यस कार्यक्रमको मूलभूत दिशाले निर्दिष्ट गर्नेछ। क्रान्तिकारी आन्दोलनको क्रममा आजको वर्चस्वशाली दलाल पुँजीवादको ठाउँमा राष्ट्रिय पुँजीको विकास गर्दै कम्युनिष्ट पार्टीको नेतृत्वमा समाजवादी निर्माणको दिशामा अघि बढ्ने हाम्रो सैद्धान्तिक निष्कर्षमा कम्युनिष्ट आन्दोलनका सबै घटकहरु कुनै न कुनै दिन आउने छन् ।

## आन्दोलनद्वारा पार्टी निर्माणको हाम्रो बाटो

आजको परिस्थितिले एउटा जबर्जस्त क्रान्तिकारी हस्तक्षेपको माग गरेको छ। पार्टीको वर्गीय बनोट र नेपाली राजनीतिमा त्यसले खेल्दै आएको भूमिका अर्थात् त्यसका सैद्धान्तिक मान्यताहरुका कारणले नेपाली काङ्ग्रेसले त्यो भूमिका खेल्न सक्दै सक्दैन । उदार लोकतन्त्रान्त्रिक राजनीति र दलाल पुँजीवादी आर्थिक व्यवस्थाको सन्तुलन खोज्ने त्यसको असङ्गत मान्यताले आजका समस्या समाधान गर्नै सक्दैन। किनकि त्यस्तो हस्तक्षेप एउटा बलियो समाजवादी आन्दोलनको नेतृत्व गर्न सक्ने कम्युनिष्ट पार्टीले मात्रै गर्न सक्छ । नेकपा एमालेमा हुर्केको व्यक्तिवादले त्यसको सिद्धान्त र सङ्गठनलाई कब्जा गरिसकेको छ। र, अहिले त्यसको व्यक्तिवादी पपुलिज्मको निरर्थकताको पोल खुल्दै जाँदा सम्पूर्ण पार्टी सङ्कटग्रस्त बन्दै गएको छ । आगामी दिनमा त्यसको ओह्रालो यात्रा अझ तिब्र हुनेछ । अरु वामपन्थी पार्टीहरु आफ्नै वैचारिक र साङ्गठानिक अन्तरविरोधको माकुरे जालोको फन्को मार्दैछन् । तिनीहरुबाट ठूलो भूमिकाको आशा कसैले गरेको छैन । त्यसैले हाम्रो काँधमा एउटा ठूलो जिम्मेवारी आएको छ । यो अवस्था हाम्रालागि जति चुनौति हो त्यत्तिकै अवसर पनि हो । अर्थात्, एउटा दूरगामी तथा जिम्मेवार क्रान्तिकारी पहलकदमीका लागि मैदान खाली छ । आजको गतिरोधलाई चिर्न र मुलुकले खोजेको ऐतिहासिक दिशा सुनिश्चित गर्न हाम्रा वैचारिक तथा सैद्धान्तिक प्रस्थापना सबैभन्दा सहि छन् । आफैँ पार्टी निर्माणका क्रममा रहेको हुँदा कुनै पनि जडताबाट ग्रसित नहुने सुविधा पनि हामीसँग छ। समयले हामीसँग नयाँ उचाईबाट पहलकदमीको माग गरेको छ। उही बाटो पटक-पटक हिँडेर नयाँ गन्तव्यमा पुग्न सकिन्न भन्ने विज्ञानको सामान्य नियमलाई मनन गरौँ ।

आफ्ना राजनीतिक मागहरु सार्वजनिकरुपमा घोषणा गरेर, बढिभन्दा बढि जनतालाई त्यसका वरिपरी परिचालित नगरिकन संसारको कुनै पनि राजनीतिक पार्टी स्थापित भएको छैन । अझ आफुलाई क्रान्तिकारी, प्रगतिशील दावि गर्ने पार्टीको हकमा त यो नियम अकाटचरुपले लागू हुन्छ । तिनीहरु आन्दोलनमै जन्मिन्छन् र आन्दोलनमै हुर्किन्छन् । कहिले कहीँ हामीलाई के लाग्छ भने पहिले सङ्गठन बनाउनु पर्छ, त्यसपछि मात्रै आन्दोलन गर्न सकिन्छ । सङ्गठन नै नभएको अवस्थामा कसले आन्दोलन गर्छ ? भन्ने प्रश्न झट्ट सुन्दा तार्किक लागे पनि त्यो गलत हो । आजसम्मको इतिहासमा न क्रान्तिकारी पार्टीको निर्माण भएपछि क्रान्तिकारी आन्दोलन भएको छ, न त क्रान्तिकारी आन्दोलन पूरा भएपछि पार्टी बनेको छ । जहाँ जति क्रान्तिकारीहरु छन् तिनको सङ्गठन जेजस्तो छ त्यसैले आन्दोलन सुरु गर्छ र सङ्गठन पनि विस्तार गर्दै जान्छ । जति आन्दोलन विस्तार हुन्छ सङ्गठन पनि त्यसै गरी बढ्छ, जति सङ्गठन बढ्छ आन्दोलन पनि त्यसै गरी बढ्छ । अर्थात् समाजवादी पार्टीको निर्माण र समाजवादी आन्दोलन सँगसँगै विकसित हुने कुरा हुन् । त्यस क्रममा विचार, सिद्धान्त, सङ्गठनलगायत अनेकौं नयाँ नयाँ समस्याहरु आउँछन् । ती समस्या सामना गर्ने क्रममा नै पार्टीको माथिदेखि तल्लो तहसम्म सक्षम नेताहरुको पङ्ति तयार हुन्छ । पार्टीभित्र र बाहिरका अनेकौँ अन्तरविरोधहरु समाधान गर्न उनीहरु सैद्धान्तिक र व्यवहारिकरुपले सक्षम हुन्छन् । समाजले तिनको कुरा सुन्छ, उनीहरुलाई विश्वास गर्छ र क्रान्तिकारी परिवर्तनको पक्षमा अगाडि आउँछ । यसरी आन्दोलन र पार्टी सँगसँगै फराकिला र बलिया हुँदै जान्छन्, यही हो आन्दोलन र पार्टी निर्माणको द्वन्द्ववाद । विभिन्न कारणहरुले गर्दा गत ३ वर्ष हामीले पार्टी निर्माणको

यस पद्दतिलाई प्रभावकारीरुपमा अवलम्बन गर्न सकेनौं । त्यसका कारणहरुको समीक्षा अहिले नै गर्नु सम्भव छैन । अब हामीले सुस्पष्ट योजना, दृढता र हिम्मतका साथ पार्टी निर्माणमा लाग्नु पर्छ, त्यसको अर्थ हो सम्पूर्ण पार्टी पङ्ति आन्दोलनमा जानु पर्छ ।
अहिले हाम्रो पार्टीमा एकसाथ अनेक समस्या छन् । वैचारिक, सैद्धान्ति, राजनीतिक तथा साङ्गठानिक समस्याको लामो फेहरिस्त बनाउन सकिन्छ । त्यसबाट विभिन्नरुपमा हामी प्रभावित भएका छौं । ती समस्याबाट तर्सिनु वा निराश हुनु वा भाग्नु समाधान होइन । त्यस्तै, 'जे छ सबै ठिकै छ' भनेर त झन् हुँदै हुँदैन । व्यक्तिगत तहमा जाँदा हामीले अनगिन्ती समस्या भेटाउँछौं । तिनका समस्या र अन्तरविरोधको अलग अलग समाधान हुँदैन । हरेक व्यक्तिका समस्याको समाधान फकाएर, आश्वासन दिएर, पालैपालो आलोचना गरेर पनि हुँदैन । एउटा राजनीतिक पार्टीले त्यस्ता सबै समस्याको समाधान मुख्यतः विचारधारात्मक तहमै खोज्नु पर्छ । विचारले निर्देशित नभएको व्यक्ति प्राविधिकरुपमा जतिसुकै ठूलो पदमा भए पनि समस्याग्रस्त नै हुन्छ । त्यसपछि, राजनीतिक कार्यदिशा, कार्यक्रम र योजनाको निर्माण र कार्यान्वयनमा खोज्नु पर्छ । अर्थात्, एउटा राजनीतिक पार्टीले समस्यालाई राजनीतिकरुपमै बुझ्नु पर्छ समाधान पनि राजनीतिकरुपमै खोज्नु पर्छ । अहिले हामीले पार्टीको सिद्धान्त र कार्यक्रमलाई आन्दोलनका रुपमा जनतामा लैजाने र आन्दोलनका क्रममै ती समस्याको समाधान खोज्नु पर्ने अवस्थामा छौं ।

हामी संवैधानिक लोकतान्त्रिक व्यवस्थाभित्रै क्रान्तिकारी पहलकदमीद्वारा समाजवादका आधार तयार गर्दै अगाडि बढ्ने पार्टी हौं । त्यसैले २०८३ र २०८४ सालका निर्वाचनहरु हाम्रा लागि महत्वपूर्ण छन् । ती निर्वाचनहरु पनि आन्दोलनको कार्यक्रमभित्रै राखेर हामी अगाडि बढ्नु पर्छ । अब फेरि गठबन्धनका आधारमा निर्वाचनमा जाने कुरा हामीले सोच्नै सक्दैनौं । एक त हामी आफैले गठबन्धनका दुष्परिणाम भोगीसकेका छौं, दोश्रो, गठबन्धनका कारणले नेपालको राजनीति नै बदनाम हुँदै गएको छ । गठबन्धनले क्रान्तिकारी पार्टीहरुलाई वैचारिकरुपले नै भुत्ते बनाउँछ । त्यसले अन्त्यतः पुँजीवादी तथाकथित उदारवादलाई, दलाल पुँजीवादलाई नै सेवा गर्छ । सैद्धान्तिकरुपमा वाम एकता आजको आवश्यकता हो तर व्यवहारिकरुपमा अहिले त्यो सम्भव छैन । आन्दोलनबाट पार्टी निर्माण गर्ने हाम्रो पहलकदमीले नै क्रान्तिकारी ध्रुविकरणलाई तिब्र पार्नेछ । आन्दोलनको उद्देश्य, आन्दोलनका माग र आन्दोनलनको स्वरुपमा समानता हुने व्यक्ति, समूह र पार्टीहरु एक ठाउँमा उभिने अवस्था आउँछ र वाम तथा कम्युनिष्ट एकताको प्रक्रिया अगाडि बढ्छ । नेतृत्वका केही मानिसका सत्तास्वार्थका कारण गरिने एकता भरपर्दो हुँदो रहेनछ भन्ने उदाहरण २०७५ सालमा भएको नेकपा एमाले र नेकपा माओवादीका बीचमा भएको एकता, कचिङ्गल र विभाजनले देखाएको छ । त्यस घटनाबाट हामीले धेरै कुरा सिक्नु पर्नेछ । सङ्क्षेपमा, अब नेकपा एकीकृत समाजवादी ठोस् राजनीतिक कार्यक्रमका आधारमा गरिने सहकार्य, मोर्चा वा एकताबाहेक अरु कुनै पनि गठबन्धन गर्दैन भन्ने कुरामा आफै पनि स्पष्ट हुनु पर्छ ।

## आन्दोलनद्वारा पार्टी निर्माणको रुपरेखा

- हामी आन्दोलनद्वारा पार्टी निर्माणको कार्ययोजना कसरी अगाडि बढ्छ भन्ने कुरामा स्पष्ट हुनु पर्छ । हामी अहिले नै राष्ट्रव्यापी आन्दोलनको हावा हुरी ल्याउन सक्ने अवस्थामा छैनौं । तर फेरि राष्ट्रव्यापी आन्दोलन नगरिकन राष्ट्रव्यापी पार्टी बनाउन सकिन्न । त्यसैले पहिलो चरणमा हामीले आन्दोलनलाई राष्ट्रिय बनाउन सम्पूर्ण तागत लगाउनु पर्छ । सञ्चारको कारणले देश नै एउटा इकाई बनिसकेको छ । हरेक पालिका र गाउँका मामिलाहरु एउटै राष्ट्रिय मञ्चमा आउँछन् र ती सबै मूलभूतरुपले बेरोजगारी र कुशासनले उत्पन्न गरेका छन्, रोजगारी र सुशासन खोजेका छन् । यस्तो अवस्थामा हामीले पनि त्यस राष्ट्रिय मञ्चमा उपस्थिति नदेखाइकन, हस्तक्षेप नगरिकन र त्यहाँ आफ्नो अलग स्थान नबनाइकन पार्टी निर्माण गर्न सकिन्न । राष्ट्रिय मञ्चमा बनाइने सन्देशलाई स्थानीय पार्टी र जनसङ्गठनहरुले स्थानीयकरण गर्नु पर्छ ।
- आगामी एकवर्षमा हामीले हाम्रा एजेण्डालाई राष्ट्रिय राजनीतिका एजेण्डाका रुपमा स्थापित गर्ने गरी तयारी गर्नु पर्छ । ती एजेण्डा मूलतः नेपाली समाजको रणनीतिक सङ्कटलाई आधारभूतरुपले समाधान गर्ने गरी तयार

गरिने छ । आगामी १०/१२ वर्षमा हामीले मुलुकलाई आधारभूतरुपमा राष्ट्रिय पुँजीको वर्चस्व रहेको मुलुक बनाउँछौं भन्ने उद्देश्यले तयार गरिने छ ।

- हामी आफैले गत 'मेची-महाकाली जागरण अभियान-२०८०' उठाएका मागहरुका आधारमा हाम्रा प्रस्ताव तयार गर्नु पर्छ ।
- अबको करिब ४/५ महिनामा हामीले काठमाण्डौंमा शानदार जनप्रदर्शन गर्नु पर्छ । जनप्रदर्शन युवा-विद्यार्थी र किसान-मजदुर-उद्योगी गरेर दुई वटा गर्नु उचित हुन्छ । परिस्थिति र सम्भाव्यता हेरेर सबैको फरक-फरक वा एउटै प्रदर्शन पनि गर्नु पर्ने हुन सक्छ ।
- हाम्रो जनप्रदर्शन परम्परागतरुपमा काठमाण्डौमा एउटा सभा गर्ने र विदा हुने खालको मात्रै हुने छैन । हामीले उठाएका मागहरुलाई तिनको औचित्य, ती विषयमा विगतका प्रयासहरु, अरु मुलुकसँग तुलनाआदि तथ्य-तथ्याङ्कमा तयार गरेर प्रदर्शन गर्ने, विभिन्न क्षेत्रका अगुवाहरुको समर्थन प्राप्त गर्ने र सरकारलाई ज्ञापनपत्र दिनेजस्ता क्रियाकलापहरु गरिनेछ ।
- पहिलो एक महिना हामीले देशभरी समस्या सङ्कलन गर्छौं । समस्या सङ्कलनको काम पनि हामीले अभियानकै रुपमा गर्नु पर्छ । हाम्रा सबै पार्टी कमिटी र जनसङ्गठनहरुले आआफ्ना कार्यक्षेत्रका समस्याहरु सङ्कलन गर्ने छन् । सकेसम्म धेरैसँग अन्तरक्रिया गर्ने योजना बनाएर विभिन्न कार्यक्रमहरु आयोजना गरिनेछ । त्यसका लागि अलग्गै निर्देशिका बनाइने छ ।
- दोश्रो, तेश्रो र चौथो महिना हामीले सङ्कलन गरेका समस्याहरुलाई सूचीबद्ध गरेर पालिका, प्रदेश र सङ्घीय तहमा पेश गर्नु पर्छ । यस क्रममा ठूला-साना ऱ्याली-सभा गर्ने, जागरण यात्रा चलाउने, गोष्ठी-भेला गर्ने, ज्ञापनपत्र दिने, पर्चा आदि बाँड्ने, गीत कविता वाचन गर्ने, समस्याहरुको सूची बनाएर प्रदर्शनीहरुको आयोजना गर्नेजस्ता विभिन्न कार्यक्रमहरु गरेर हाम्रो आन्दोलनको प्रचार-प्रसार गर्छौं ।
- समस्या तथा सुझाव सङ्कलनका दौरानमा प्राप्त हुने विषयहरुलाई कृषि, उद्योग र उत्पादनका अन्य क्षेत्रमा क्रान्तिकारी परिवर्तन, स्वास्थ्य र शिक्षामा गुणात्मक विकास तथा सुशासन र विदेश सम्बन्धमा नयाँ पानी ढलोका लागि आवश्यक राष्ट्रिय कार्ययोजना बनाएर आन्दोलनका मागको रुपमा अगाडि सारिने छ ।
- तेश्रो र चौथो महिना काठमाण्डौमा गरिने जनप्रदर्शनको तयारी गरिनेछ । कार्यक्रमलाई ठूलो धनराशी आवश्यक हुनेछ । त्यसका लागि हामीले देशव्यापी आर्थिक सहयोग अभियान चलाउने छौँ ।
- हामीले महाधिवेशनबाट पारित गरेको समाजवादी कार्यक्रमका आधारमा नेपाल निर्माणको १० वर्षे कार्य योजनाको रुपरेखा काठमाण्डौको जनप्रदर्शनका दौरान हामीले राष्ट्रका सामु पेश गर्ने छौँ । त्यसका लागि राज्यमाथि दबाब दिन अर्को छ महिनाको आन्दोलनको कार्यक्रम अगाडि सार्छौं ।
- यसप्रकार स्थानीयस्तरबाट आन्दोलनलाई राष्ट्रियरुप दिइनेछ र राष्ट्रिय मुद्दालाई फेरि स्थानीयस्तरमा पुऱ्याएर नयाँ राष्ट्रिय आन्दोलनको तयारी गरिने छ ।
- काठमाण्डौको जनप्रदर्शनसम्म हामीले सङ्गठनका क्षेत्रमा धेरै ठूलो उपलब्धी हासील नगर्न सक्छौं । तर काठमाण्डौको जनप्रदर्शनमा राष्ट्रका सामु पेश गरिने नेपाल निर्माणको कार्ययोजनाका पक्षमा जनमत निर्माण गर्न फेरि छ महिना जनतामा जाने कार्यक्रमका साथ हामी अगाडि बढ्छौं । त्यस दौरानमा हाम्रो सङ्गठन तिब्ररुपमा फैलिने छ ।
- एक वर्षमा हामीले एकातिर नेपाल निर्माणको रुपरेखा राष्ट्रियरुपमा स्थापित गर्छौं, दोस्रो, पार्टीलाई शब्दकै अर्थमा राष्ट्रिय बनाउँछौं । हाम्रो पार्टी सङ्गठन मुलुकका सबै पालिकाहरुमा स्थापित हुनेछ ।
- त्यसबाट नेकपा एकीकृत समाजवादी सत्ताको लुछाचुडीभन्दा अलग, सत्ताधारी गठबन्धनको नालायकी वा षडयन्त्रका विरुद्ध र पपुलिष्ट अराजकतावादको विकल्पको मुलुकको वास्तविक रुपान्तरणकारी राजनीतिक शक्ति हो भन्ने कुरा स्थापित हुनेछ ।
- हाम्रो समाजवादी कार्यदिशा, समाजवादी कार्यक्रम र नेपाल निर्माणको तात्कालिक कार्ययोजना (तात्कालिक रणनीति) ले मुलुकका कम्युनिष्ट पार्टीहरु, प्रगतिशील समूह तथा व्यक्तिहरुका साथै न्याय तथा परिवर्तनकामी

बौद्धिक तथा सामाजिक अगुवाहरुलाई प्रभावित पार्नेछ । त्यसपछि कम्युनिष्ट आन्दोलनमा वास्तविक ध्रुविकरण शुरु हुनेछ ।

- आगामी एक वर्ष सम्पूर्ण पार्टी 'सडक' मा उपस्थित भएरमात्रै त्यस्तो आन्दोलनलाई अगाडि बढाउन सकिने छ । सडकको अर्थ सोभै जनतासँग हो । समस्या सङ्कलनको आरम्भदेखि नै नेतृत्व पङ्तिसमेत सडकमा गएर पार्टी पङ्तिलाई उत्साहित र विश्वस्त बनाइने छ ।

- आन्दोलनद्वारा पार्टी निर्माणको यस कार्ययोजनामा पार्टी र जनसङ्गठनको सम्पूर्ण शक्ति परिचालन गर्नु पर्छ । त्यसमध्ये पनि युवा, विद्यार्थी, किसान, मजदुर, उद्योगी र महिलाका क्षेत्रमा कामलाई केन्द्रित गर्नु आवश्यक छ । यसै क्रममा साँस्कृतिक क्षेत्रमा पनि केही विशेष तयारी गर्नु पर्छ ।
- पार्टीले सबै तहमा ती क्षेत्रको कामलाई विशेष महत्व दिएर काम गर्नु पर्छ । ती सबैको तात्कालिक उद्देश्य ४ महिनापछि हुने काठमाण्डौको जनप्रदर्शनको तयारीलाई सफल पार्नु हुनेछ । त्यसका लागि हरेक पार्टी कमिटी र जनसङ्गठन र विभागहरुले ठोस कार्ययोजना बनाएर अगाडि बढ्नु पर्छ ।
- अरु जनसङ्गठनहरुले आआफ्ना सङ्गठनहरुको काम गर्छन् तर उपरोक्त क्षेत्रमा पनि उत्तिकै ध्यान दिन्छन् । जस्तो कि खेलकूद महासङ्घल युवा विद्यार्थीको काममा ध्यान दिन्छ, जनजाती महासङ्घले युवा, विद्यार्थी, महिलाको क्षेत्रमा काम विस्तार गर्छ र पार्टीको समग्र योजनामा योगदान गर्छ ।
- उदाहरणका लागि, काठमाण्डौमा हामीले पर्याप्त तयारीका साथ ठूला सङ्ख्यामा (सङ्ख्या नै तोकेर) युवा, विद्यार्थी, महिला, किसान, मजदुर र उद्योगीहरुका छुट्टाछुट्टै वा संयुक्त प्रदर्शनहरुको आयोजना गर्नु पर्छ ।
- हाम्रो पार्टी निर्माणकै अर्को महत्वपूर्ण क्षेत्र प्रशिक्षण हो । वैचारिक तथा सैद्धान्तिक जानकारीको अभावमा कुनै पनि व्यक्ति क्रान्तिकारी हुन सक्दैन । उनीहरुको केन्द्र आफु र आफ्नो हुन्छ । व्यक्तिहरुले विचार र सिद्धान्तका आधारमा पार्टी र समाजमा आफ्नो योग्यता स्थापित गर्न सक्दैनन् त्यसैले व्यक्तिवाद वा आफुवाद, अहङ्कार, पदको लिप्सा, करियरवाद, गुटवाद, चाकरीवाद, चलखेलबादजस्ता गलत प्रवृतिको सहारा लिन्छन् । यसको उपचार वैचारिक तथा सैद्धान्तिक प्रशिक्षण नै हो । अहिले हाम्रा लागि यसको महत्व अझ बढि छ । त्यसैले 'आन्दोलनद्वारा पार्टी निर्माण' भनेको 'प्रशिक्षणद्वारा पार्टी निर्माण' पनि भनेको हो भनेर बुझ्नु पर्छ ।
- समाजमा पार्टी स्थापित हुने भनेको पार्टी सदस्यहरु स्थापित हुनु हो । उनीहरु स्थापित हुनु भनेको उनीहरुका विचार स्थापित हुनु हो । विचार स्थापित नगरिकन तथाकथित विकास-निर्माणका लागि बजेट पारेर वा पुलिस-प्रशासनमा सहयोग गरेर वा जागिर लगाइदिएर पार्टी निर्माण हुँदैन । त्यसले बढिमा एउटा चुनावमा केहि भोट थपिन्छ तर पार्टी निर्माण हुँदैन । जनताका बीचमा ती काम गर्नै पर्छ तर त्यो विचारका मातहतमा हुनु पर्छ । त्यसैले आन्दोलनद्वारा पार्टी निर्माणको कार्ययोजनामा हामीले पार्टी स्कूलको कामलाई असाध्यै महत्वका साथ लागू गर्नु पर्छ । कम्तिमा सबै पार्टी सदस्यलाई (डेढलाख पार्टी सदस्यलाई) न्यूनतम विषयमा भए पनि प्रशिक्षित गर्ने विशेष योजना बनाएर अगाडि बढ्नु पर्छ ।
- अर्को उत्तिकै महत्वपूण क्षेत्र प्रचारको हो । आजमात्रै होइन, हिजो भूमिगत कालमा पनि प्रचार उत्तिकै महत्वको क्षेत्र थियो । सस्ता र हानीकारक विचारहरु प्रचारकै कारणले समाजमा स्थापित हुँदै गएको हामीले देखेका छौँ । प्रचारको काम भन्नाले हामीले सामान्यतः पार्टीमा भएका गतिविधिको सूचना बाहिर ल्याउने काम मात्रै बुझेका हुन्छौँ । वस्तुतः प्रचार सङ्गठनजत्तिकै महत्वपूर्ण काम हो । प्रचारको काम जति व्यवस्थित हुन्छ सङ्गठनको दायरा त्यत्तिकै फराकिलो बन्न सक्छ । प्रचारको कामले स्वयं विचार निर्माण, सम्प्रेषणका माध्यम र शैलीको अभ्यास, आफ्ना विचार र सूचनाको प्रभावकारिताको सार्वजनिक परिक्षण, आवश्यकताअनुसार फेरि तिनको सुधारलगायत सबै कुरामा ध्यान दिनु पर्छ ।
- आन्दोलनद्वारा पार्टी निर्माणको यस कार्ययोजनामा प्रचार क्षेत्रको कामबारे अलग्गै निर्देशिका बनाएर लागू गर्नु पर्छ ।
- संसदीय व्यवस्थामा पार्टी सङ्गठनपछि सबैभन्दा महत्वपूर्ण कार्यक्षेत्र संसद हो । त्यहाँ पार्टीका तर्फबाट खेलिने भूमिकाले राष्ट्रिय तथा अन्तरराष्ट्रियरुपमा प्रभाव पार्छ । अहिले हाम्रो सामर्थ्यको हिसाबले संसदमा निर्णायक

भूमिका हुँदैन । तर हाम्रो पार्टीका नीति तथा विचारहरुलाई आम जनतामा पुऱ्याउन वा तिनको वैधता स्थापित गर्न त्यसको औधी ठूलो भूमिका हुन सक्छ ।

- आन्दोलनद्वारा पार्टी निर्माणको कार्ययोजनामा संसदमा खेलिने भूमिकाबारे सामुहिकरुपमा संसदीय दल र व्यक्तिगतरुपमा सांसदहरुको भूमिका स्पष्ट हुने गरी निर्देशिका बनाएर लागू गर्नु पर्छ ।
- एक वर्ष हामीले सञ्चालन गर्ने आन्दोलनले बन्न जाने परिस्थितिमा आन्दोलनका अगुवाहरुलाई निर्वाचनमा पठाउने योजनाका साथ आन्दोलन र निर्वाचनको तयारी सँगसँगै अगाडि बढाइने छ ।
- आन्दोलनद्वारा पार्टी निर्माण गर्ने योजनाको उपरोक्त रुपरेखालाई ध्यान दिँदै विस्तृत कार्ययोजना निर्माण गर्नु पर्छ । त्यस्तो कार्ययोजना लागू गर्न सक्ने गरी हाम्रा जनसङ्गठन, विभाग र पार्टी कमिटीको कार्यविभाजन गर्नु पर्छ ।
- यसबारे स्थायी कमिटी र पोलिटब्युरोमा आवश्यक छलफल गरेर कार्ययोजनाको क्यालेण्डरसहित अन्तिम प्रस्ताव तयार गर्ने र त्यसलाई केन्द्रिय कमिटीबाट निर्णय गर्नु उचित हुन्छ । त्यसो गर्दा निर्णयमा स्वामित्वको दायरा बढ्छ र कार्यान्वयन सहज हुन्छ ।

कमरेडहरु,
पार्टी कामलाई अगाडि बढाउन धेरै ढिलो भएको छ । यसका विभिन्न कारण छन् । तर जेसुकै कारणले भए पनि त्यो गम्भीर कमजोरी नै हो । यसलाई खुला खुलस्त स्वीकार गर्दै आन्दोलनद्वारा पार्टी निर्माणको राजनीतिक उद्देश्य र कार्ययोजनालाई पार्टीको स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रिय कमिटीमा छलफल गरेर अझ समृद्ध बनाऔं र त्यस वरिपरी सम्पूर्ण पार्टी पङ्तिलाई एकताबद्ध पार्दै अगाडि बढ्ने सङ्कल्प गरौं । विद्रोहबाट आएका हजारौंको राजनीतिक-सामाजिक जीवनको सुरक्षाको नैतिक जिम्मेवारी पनि हामी माथि छ । मुलुकको राजनीति असामान्य छ, पार्टीमाथि पनि असामान्य सङ्कट छ । यी सबै कुराले हामीबाट असामान्य योजना, योग्यता र सक्रियताको माग गरेका छन् ।